Received Date: Dec. 2024 Revised: Jan. 2025 Accepted: Feb. 2025

# प्राचीन तथा मध्यकालीन नेपाल-तिब्बत-चीन सम्बन्ध

**विजयप्रसाद मिश्र, पिएचडी.**
सहप्राध्यापक, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर ।
vijaymishra40@gmail.com/
vijay.mishra@cdhis.tu.edu.np
DOI: 0.3126/hj.v16i1.76381

**सार**

*बुद्धको जन्मस्थल, हिमालपारी जाने सहज बाटोको उपलब्धता, विवाहवारी तथा नेपाली कला र संस्कृतिको प्रसारले गर्दा नेपालको तिब्बत र चीनसँगको किराँतकालदेखि मध्यकालसम्म एक आपसमा सम्बन्ध प्रगाढ रहेको पाइन्छ । बुद्धधर्मका अनुयायी भृकुटी तिब्बत गएर गरेका योगदानहरूले नेपालको तिब्बतसँग धार्मिक, साँस्कृतिक, आर्थिक तथा परिवारिक सम्बन्धहरू प्रगाढ भएको पाइएको छ । त्यसैगरी नरेन्द्रदेवलाई नेपालको राजगद्धीमा स्थापित गर्न तिब्बतले शैन्य सहयोग गरेको तथा स्वयं नरेन्द्रदेवले हर्षबर्द्धनलाई कोशेली पुऱ्याउन गरेको चिनीयाँ टोलीको संरक्षणका लागि चीनको पक्षमा नेपाली सेना पठाएर गरेको सैनिक सहयोगका कारणले चीनसँगसमेत सौगात आदान प्रदान गर्ने प्रणाली बसाएर नेपालको सम्बन्ध चीनसम्म विस्तार गरी राजनीतिक, कूटनीतिक, व्यापारिक, धार्मिक र साँस्कृतिक सम्बन्धहरु स्थापित गर्न सफल भएका थिए । मध्यकालमा अरनिकोले चीनमा गएर आफ्नो कलाको प्रसार गरेकाले पनि नेपालको तिब्बत र चीनसँगको सम्बन्ध धर्म, संस्कृति र व्यापारको दृष्टिले महत्वपूर्ण रहेको थियो । मुद्राका कारण मध्यकालको अन्तिमतिर केही विवाद भए पनि समग्रमा तीनदेशबीचको आपसी सम्बन्धले नेपालले समेत आर्थिक, धार्मिक र राजनीतिक फाइदाहरु प्रशस्त लिन सकेको थियो । ऐतिहासक, गुणात्मक र वर्णनात्मक विधिहरू अपनाएर तिब्बत र चीनसँग नेपालको प्राचीन र मध्यकालको सम्बन्धको खोजविन गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ । आधुनिककालमा समेत प्राचीन तथा मध्यकालीन सम्बन्धले सकारात्मक असर परिरहेको छ ।*

*शब्दकुञ्जिका :* अभिलेख, कविला, त्रिपिटक, दूत, हाडखुड ।

नेपालको कुती र केरुङ्बाट मूख्य रूपमा अवध, बङ्गाल, काशी र बुद्धको जन्मस्थल लुम्बिनीसम्म व्यापारिक र धार्मिक उद्देश्यले आउजाउ गर्न तिब्बत र चीनका व्यापारी र बौद्ध धर्मका अनुयायीहरू नेपालको बाटो प्रयोग गर्दथ्यो । भारतबाट पनि धार्मिक र व्यापारिक कारणले नेपालकै बाटो भएर तिब्बत र चीन जाने गरेकाले शुरूमा तिब्बतसँग र त्यसकै सम्पर्कबाट चीनसँग समेत नेपालको सम्बन्ध प्राचीन र मध्यकालको बीचसम्म सौहाद्रपूर्ण र आर्थिक, साँस्कृतिक र राजनीतिक रूपले भएको थियो । नेपालकी राजकुमारी भृकुटीको विवाह तिब्बतका राजा स्रङचङ् गम्पोसँग भएकाले पछि नरेन्द्रदेवले समेत आफ्नो राज्य फिर्ता गर्न तिब्बतबाट शैन्य सहयोग पाएकाले नेपाल र तिब्बतबीच रगतको सम्बन्ध समेत थियो भनिन्छ । मध्यकालमा अरनिकोले तिब्बत र चीनमा गएर आफ्नो कला देखाएका थिए । यसले नेपाली शैलीको कला, संस्कृतिलाई तिब्बत र चीनले समेत अनुशरण गरेको तथा तिब्बतसँग मुद्राको व्यापार र

अन्य व्यापारिक सुविधाहरूले काठमाडौं उपत्यका समृद्ध हुने मुख्य कारण भएको मान्न सकिन्छ । मध्यकालको अन्तिमतिर खोटा मुद्राका कारणले नेपाल र तिब्बतको सम्बन्ध विग्रिएको थियो, जसले गर्दा पछि युद्ध समेत भएको थियो । नेपालसँग सिमाना जोडिएका हिमाल पारीका देशहरु तिब्बत र चीनसँग प्राचीनदेखि मध्यकाल अर्थात मल्लकालसम्मको सम्बन्ध के कस्तो थियो ? राजनीतिक, आर्थिक, धार्मिक, साँस्कृतिक, भौगोलिक तथा वैवाहिक सम्बन्धहरूका कारणले नेपालले हिमालपारी के कस्तो कुटनीतिक सम्बन्ध राख्नु परको थियो ? शुरुमा तिब्बत र पछि चीन समेतले नेपालप्रति के कस्ता नीतिहरु अवलम्बन गरेर नेपाललाई स्वतन्त्र अस्तित्व कायम राख्न शासकहरूले के कस्तो भूमिकाहरु निर्वाह गरे भन्ने कुराहरूलाई विश्लेषण गर्न आवश्यक ठानेर यो आलेख तयार गरिएको छ । नेपालमा अभिलेखहरू राख्ने चलन चलेको भए पनि चीनको स्रोत र नेपाली इतिहासकारहरुको लेखनलाई तुलना गर्दा कतिपय सन्दर्भमा सत्य तथ्य के हो भन्ने कुरामा विवाद देखिएको र अझै सत्य तथ्य आइनसकेको अवस्था छ ।

तर गौतम बुद्धको जन्मस्थल नेपालमा पर्नु, हिमालपारी आवत जावत गर्न सहजबाटाहरु नेपाल हुँदै भेटिनु, भारतीय सामानको माग तिब्बत र चीनमा र तिब्बत र चीनको सामानको माग अवध, काशी, बंगलादेशहरुमा हुनुले दुवै तर्फका व्यापारीहरूको आवत जावत तथा आफैं व्यापारमा सहभागी भएर नेपाल र नेपालीहरुले आर्थिक उन्नती गर्ने अवसर तिब्बत र चीनबाट पाएका थिए । काठमाडौँको मौसम र अन्य भौतिक सुविधाहरूका कारण बस्न योग्य भएकाले पनि धर्मग्रन्थ लेख्न, धर्मका बारेमा अध्ययन गर्नदेखि ध्यान तपस्या गरेर ज्ञान प्राप्त गर्न समेत चिनियाँ र तिब्बतीहरु नेपाल आउन थालेकाले दुवै देशसँग कहिल्यै अधिनमा नपरी स्वतन्त्र देश भएको छ । नेपालको तिब्बत र चीनसँग प्राचीन र मध्यकालमा ऐतिहासिक, धार्मिक, आर्थिक र साँस्कृतिक सम्बन्धहरुको अध्ययन गर्नु नै यस अनुसन्धानको उद्देश्य रहेको छ । नेपालको तिब्बत र चीनसँग प्राचीन र मध्यकालका विविध पक्षमा के कस्तो सम्बन्धहरु रहेको थियो भन्ने अध्ययन गर्नु नै यस अनुसन्धानात्मक लेखको उद्देश्य रहेको छ ।

## विधि

नेपालको प्राचीन र मध्यकालमा तिब्बत र चीनसँगको सम्बन्धको बारेमा तथ्य प्रमाणका आधारमा खोजविन गर्न चीनियाँ यात्री र धर्मावलम्बीहरूमा केन्द्रित भएर उनीहरुको भनाइहरूका बारेमा विभिन्न अध्ययन अनुसन्धानमा आएका विभिन्न धारणालाई संकलन र विश्लेषण गरिएको छ । अनुसन्धानका लागि द्वितीय स्रोतका आधारमा प्राप्त जानकारीहरुलाई क्रमशः वर्णनात्मक र विश्लेषण ढाँचा अनुसार ऐतिहासिक आधारमा व्याख्या विश्लेषणको विधि अवलम्वन गरिएको छ ।

## किराँतकालमा नेपालको तिब्बत र चीनसँग सम्बन्ध

नेपालबाट तिब्बत र चीन जानका लागि प्रारम्भमा हिमाली क्षेत्रको मार्ग कष्टकर थियो । नेपाल र चीनको परम्परागत मित्रता र साँस्कृतिक सम्बन्धको सम्वर्द्धनमा समय समयमा अनेकन वीर पुरुष तथा महिलाहरुले अमूल्य योगदानहरु प्रदान गरेर गएका छन् (जोशी, वि.सं.२०४४) । नेपालको राजधानी काठमाडौं चीनको राजधानी पेकिङबाट करिब २८ सय किलोमिटर दक्षिण-पश्चिममा पर्छ (मानन्धर, ई.२००४) । तर आवश्यकता र चाहनाले जतिसुकै पर भए पनि धर्म, व्यवहार र मानिसको चाहनाका कारणले एक अर्कोसँग सम्बन्ध स्थापित हुँदै जान्छ । नेपालको पनि तिब्बत र चीनसँग यस्तै कारणहरूले सम्बन्ध नजिकिँदै गएको हो । लुम्बिनीका गौतम बुद्धलाई ज्ञान प्राप्त भएको करिब सात सय वर्षपछि चीनमा सम्राट शि-ह्वाङ्दी (२४६-२०३ ईस्वी) ले साम्राज्यको एकीकरणको अभियान सुरु गरेका थिए । उत्तर भारतमा लगभग उही समयमा, सम्राट अशोक (२७२-२३२ ईस्वी), आफ्नो राज्यको सफलतापूर्वक

विस्तार पूरा गरेपछि, आफूलाई बौद्ध धर्म फैलाउने पवित्र कार्यमा लागे (आचार्य, ई. २०१८) । सम्राट अशोकले बुद्धधर्म फैलाउन अग्रसर भएकाले भारत र नेपालमा बौद्ध धर्मले आफ्नो प्रभाव बढाउन सफल भयो । जसको हावा नेपाल हुँदै तिब्बत र चीनसम्म पुग्नु स्वभाविक थियो । नेपाल र चीन हिमाल र नदीले जोडिएका निकटका छिमेकी हुन् । ऐतिहासिक रूपमा नेपाल र चीनबीच धेरै पुरानो सम्बन्ध छ ( मानन्धर, ई.२००४) । तपोभूमिका रूपमा चिनिएको नेपालमा चीनतर्फबाट विभिन्न समयमा विभिन्न तपस्वीहरू आएको पाइन्छ । वंशावलीअनुसार सत्ययुगमा सबभन्दा पहिले यस उपत्यकामा आउने महात्मा विपश्वी बुद्ध थिए । उनी काठमाडौं खाल्डो अर्थात् नागदहको उत्तर पश्चिमको कुनातिरको पर्वतमा बसेका थिए (उपाध्याय, वि.सं.२०५१) । विपश्वी बुद्धले स्वयम्भूमा रोपेको कमलको बीजमा अलौकिक कमलको फूल उत्पन्न भएकोले त्यस ज्योतिको दर्शन गर्नका लागि शिखी बुद्ध, विश्वभू बुद्ध आएका थिए ।

वर्तमान अवस्थाको काठमाडौं उपत्यका कुनै समय एक विशाल तलाउ थियो । यही तलाउबाट पानी बाहिर निकालेर यहाँ मानव बस्ती बसालेको बौद्ध धर्मसँग जोडिएको कथामा मञ्जुश्रीको भूमिका देखिन्छ । त्रेता युगको केही पछि चीनबाट मञ्जुश्री बोधिसत्वको आगमन भयो, स्वयम्भू ज्योतिको दर्शन गरी सकेपछि मञ्जुश्रीले आफ्नो खड्ग प्रसार गरेर कटुवाल भन्ने ठाउँबाट नागदहको पानी निकालेर यस उपत्यकालाई बसोबास योग्य बनाइदिए (उपाध्याय, वि.स.२०५१) । स्वयम्भूमहापुराणमा उल्लेख भएअनुसार मञ्जुदेव आचार्य (मञ्जुश्री)ले नेपाल खाल्डो नागवास दहमा पानी सुकाएर बस्ती योग्य बनाएपछि चारैतिरबाट मानिसहरू आइ बस्न थालेका थिए । मञ्जुदेव आचार्यले पानी सुकाई निर्माण गरिएको ठाउँको नाउँ मञ्जुपट्टन राखियो (बज्राचार्य, वि.सं.२०८१) । मञ्जुदेव आचार्य चीनबाट साथमा ल्याएका राजकुमार धर्माकरलाई यो मञ्जुपट्टनको राजा बनाउन त्यहाँ रहेका मानिसहरूसँग सरसल्लाह गरी ठूलो उत्सवका साथ धर्माकरलाई राजमुकुट लगाइ दिई राज्याभिषेक गरेर राज्य सिंहासनमा राखे ( बज्राचार्य, वि.सं. २०८१) । श्री स्वयम्भू महापुराणको तृतीय अध्यायमा महामञ्जुश्रीको निर्माणकाय अनुरूपका मञ्जु देवाचार्य नामका एकजना महापुरुष महाचीनको पञ्चशीर्ष पर्वतवाट नेपाल उपत्यका ( वर्तमान काठमाडौा उपत्यका)मा स्वयम्भू ज्योतिको दर्शनार्थ आएका थिए (जोशी, वि.सं.२०४४) । उनैले उपत्यकाभित्र विशाल तालको रूपमा थुनिएको पानीको निष्कासन गरिदिएका थिए । हजारौं वर्षदेखि चलिआएको यस बौद्ध अनुश्रुतिको परिप्रक्ष्यमा मञ्जुदेवाचार्यले स्वयम्भूज्योतिको दर्शन गरेको वर्णनले नेपाल र चीन बीचको साँस्कृतिक सम्पर्कको पृष्ठभूमि प्राप्त हुन आउँछ (जोशी, वि.सं.२०४४) यसरी नेपाल खाल्डोलाई बस्ती योग्य बनाउने काममा नै चीनका मञ्जुश्रीको भूमिका देखिएपछि दुवै देशको सम्बन्ध ऐतिहासिक हुनु स्वभाविक हो । बौद्ध धर्मअनुसार महाचीनबाट बोधिसत्व मञ्जुश्री नेपाल उपत्यकामा आएर दक्षिणी भेगबाट पानी बाहिर पठाए । काठमाडौं उपत्यकाको उत्पत्ति र स्वयम्भूको अवतरण पनि मञ्जुश्रीसँगै भएको स्वयम्भूपुराणमा उल्लेख छ (बज्राचार्य, वि.सं.२०८१) । जगदीशचन्द्र रेग्मीले जसरी ने मुनि वा ऋषिले गोपाल वंशको राजा थापी वैधानिकताको जग बसालेका थिए, त्यसै गरी मञ्जुश्रीले पनि धर्माकरलाई राजा थापे भनिन्छ (रेग्मी, वि.सं.२०७७) ।

राइटवंशावलीअनुसार मञ्जुश्रीको नेपाल उपत्यकामा आएको समय त्रेता युग थियो । मञ्जुश्री नेपाल उपत्यकामा आउँदा आफूसाथ देशका कृषक, भिक्षु, शिष्य, राजा धर्माकर र दुई पत्नी (देवी) आएका थिए । मञ्जुश्री चीनबाट आउँदा भक्तपुरभन्दा एक मील टाढा तीन दिनसम्म बसेका थिए । त्यसपछि स्वयम्भुको ज्योति दर्शन गरी नागदहबाट पानी निकालिएको राइट वंशावलीमा उल्लेख छ । उनले फुलोच्च र ध्यानोच्च पहाडमा वरदा र मोक्षदा दुई देवीहरूको स्थापन्न गरे । त्यसको बीचमा

मञ्जुश्री स्वयं बसे । स्वयम्भूपुराणलाई तथ्य आधार लिँदा नेपाल र चीनसँगको सम्बन्ध पौराणिककालदेखि हो ।

उत्तरबाट (चीन) मञ्जुश्रीले यसै उपत्यकाको दक्षिण भेग डाँडा काटेर पानी बाहिर पठाइन । त्यसछि मञ्जुश्रीले नै यहाँ बस्ती बसाई फर्किइन् । सरस्वती पूजाको दिन स्वयम्भूको पछाडिको सानो डाँडामा मेला नै लाग्छ । स्थानीयहरूले यसलाई 'मञ्जुश्री डाँडा' भन्ने गर्दछन् । भक्तपुरको कमलविनायकबाट पूर्वतर्फ एक किलोमिटर टाढा रहेको डाँडामा श्रीपञ्चमीको दिन मञ्जुश्रीको पूजा गर्ने चलन अहिलेसम्म यथावत् छ । आफू बसिरहेको स्थानलाई बस्न योग्य बनाउने व्यक्ति नै चिनीयाँ भए पछि इतिहासको सम्झना गरेर पनि सम्बन्ध सुमधुर बनाइ राख्न नेपाल र नेपालीहरु सक्षम भएका हुन् ।

बोधिसत्व मञ्जुश्रीले मात्र होइन, विपश्वी बुद्ध, विश्वभू बुद्ध र ऋकुच्छन्द बुद्धले पनि यहाँ अनेक खालको बन्दोबस्त गरेको कुरा आख्यानहरूमा बयान गरिएको छ (नेपाल, वि.सं.२०७७) । स्थानीय पौराणिक कथामा बोधिसत्व मञ्जुश्रीको निर्देशनमा नेपालका पहिलो बसोवास गर्नेहरू चीनबाट आएका हुन् (लेभी, ई.२००४) । जतिखेर उत्तरी भारतमा गौतम बुद्धले आफ्ना अनुयायीहरूलाई शान्तिको सन्देश दिंदै थिए, त्यही समयमा चीनको उत्तरी भागमा कन्फुसियस र दक्षिण चीनमा लाओसे (लाओत्से)ले आफ्ना अनुयायीहरूलाई शान्ति र सुखको लागि सन्देश प्रवाह गरिरहेका थिए । तीनवटै सोचको सन्देश मिल्दोजुल्दो थियो । जतिखेर उपत्यकामा भने किराँत शासन थियो ।

चीनमा बुद्ध, धर्म र संघको स्थापना भएपछि विभिन्न धर्मग्रन्थ, संस्कृति तथा लिपिको अध्ययन गर्न चिनियाँ तीर्थ यात्रीहरू भारत हुँदै कपिलवस्तु र लुम्बिनी भ्रमण गरेका थिए । नेपाल र भारतमा बौद्ध स्थलहरू तीर्थ गर्न, बौद्ध ग्रन्थको अध्ययन र संग्रह गर्ने आएका विद्वान्हरूले आफ्ना यात्रा वृत्तान्तमा नेपालको तत्काल समाज र प्राचीन अवस्थाका बारेमा उल्लेख गरेका छन् । प्राचीन समयमा चिनियाँ तीर्थयात्रुहरूको कपिलवस्तुमा आउने जाने क्रम चलिरह्यो । चीनमा इसा पूर्व २१७ ताका नै बुद्ध धर्मको प्रभाव परेको विश्वास गरिन्छ । चीनमा बुद्ध धर्म भित्रिनुमा भारत तथा पूर्वी तुर्किस्तानका घुमन्ते जातिहरूले ईसा पूर्व पहिलो शताब्दीमै पुऱ्याएको मानिन्छ । पहिलो शताब्दीमा चीनबाट १६९ चिनियाँ धार्मिक यात्रीहरू बुद्ध जन्मभूमि हेर्न आएको पाइन्छ । ईश्वी २०० मा ली ताओ युंग चिनियाँ यात्रुले लुम्बिनीको भ्रमण गरेका थिए । यसै गरी सुइ चिंग चु नामको एक चिनियाँ पाण्डु लिपिको आधारमा सेंग साइ सन् ३५० देखि ३७५ को अवधिमा लुम्बिनी पुगेको उल्लेख छ । ईश्वी ३८० तिर वाई यु चिन बुद्धको जन्म स्थल एक पटक पुग्नु पर्ने उद्देश्यका साथ लुम्बिनी आएका थिए ।

स्वयम्भुपुराणअनुसार उत्तरी छिमेकीसँगको सम्बन्ध पौराणिक समयदेखि भएको स्पष्ट हुन्छ । बुद्ध धर्म बारे थप ज्ञान हासिल गर्न चिनियाँ भिक्षु तथा तीर्थयात्रीहरू गौतम बुद्ध जन्मेको नेपालको लुम्बिनी र कपिलवस्तु आउने क्रम सुरू भएको थियो । चीनका चर्चित तीर्थयात्री फाहियानले पाँचौ शताब्दीको प्रारम्भमा लुम्बिनीको भ्रमण गर्दा बुद्ध जन्मेको ठाउँको रुख र बालक जन्मुभन्दा अघि मायादेवीले नुहाएको पवित्र पोखरी पनि देखेका थिए (उपाध्याय, वि.सं.२०५१) । चीनमा प्राप्त त्रिपिटक बौद्ध ग्रन्थमा रहेका कमजोरी हटाउनकै लागि चीनका फाहियान लुम्बिनी आएको पाइन्छ । फाहियानसँग चारजना आएका र त्यस बखत लुम्बिनीलाई कपिलापुर भन्ने गरिएको चिनियाँ वंशावलीमा उल्लेख छ । फाहियान कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवा हुँदै कपिलवस्तु पुग्दा त्यहाँ उजाड देखिएको उनले आफ्नो यात्रा विवरणमा लेखेका छन् । फाहियानले काश्मिरको एक विहारमा केही समय अध्ययन गरेका थिए । फाहियानले अध्ययन गरिरहेको विहारमै बुद्ध जन्मेको कपिलवस्तुबाट बुद्धभद्र नामका एक भिक्षु पनि त्यहीँ नै थिए । चिनियाँ यात्री पायोयुनको आग्रहमा बुद्धभद्रले चीनमा बौद्ध धर्मको प्रचारप्रसार र यसको बारेमा ज्ञान बाँड्न राजी भएका थिए । तीन वर्षको कठिन यात्रापछि बुद्धभद्र चीनमा पुग्न सफल भए (नेपाल,

वि.सं.२०४५) । बुद्धको देशबाट चीन जाने पहिला भिक्षु बुद्धभद्र थिए भने चीनदेशबाट बुद्धभूमि आउने पहिला चीनी यात्री फाहियान थिए (नेपाल, वि. सं. २०७३) । नेपालबाट चीनमा बौद्ध धर्मको विकास गर्ने पहिलो व्यक्ति नै बुद्धभद्र हुन् ।

प्रख्यात बौद्ध भिक्षु फेइ-होङ बौद्ध दर्शनको अध्ययन गर्न भारत पुगेका थिए । उनी बाह्र वर्ष भारतमा रहँदा ईस्वी ४०५ मा उनले बुद्धको जन्मस्थल लुम्बिनीको पनि भ्रमण गरेका थिए । यसै समयमा, बुद्धभद्र नामक नेपाली बौद्ध भिक्षु चीनको धार्मिक भ्रमणमा थिए (आचार्य, ई.२०१८) । त्यसै गरी अर्का चीनियाँ यात्री युवान च्वाङ्ले लम्बिनी भ्रमण गर्दा सिद्धार्थ गौतम जन्मेको ठाउँको रुख र त्यसको पूर्व तर्फ बसिरहेको तलाउ पनि देखेका थिए । दुवै चीनियाँ यात्रीले कोलीनगर वा रामग्राम देवदहको पनि भ्रमण गरेका थिए (उपाध्याय, वि.सं.२०५१) । कपिलवस्तुका एकजना बौद्ध धर्म दर्शनका प्रकाण्ड विद्वान् भिक्षु बुद्धभद्र (चियाँयाँ नाम च्वेस्यान) पनि ईसाको पाँचौं शताब्दीको शुरूमा मध्य एशियाकै बाटो हुँदै अनेकन् दुष्कर यात्रा गर्दै चीनको त्यस बेलाको राजधानी छाङ्यानमा पुगे (जोशी, वि.सं.२०४४) । पाँचौं शताब्दीमा तिब्बत भ्रमण गर्ने पहिला प्रसिद्ध नेपाली बौद्ध विद्वान् बुद्धभद्र थिए (न्यौपाने, वि.सं.२०७८) । यिनले काश्मिर र चीनमा बौद्ध धर्मको प्रचार प्रसार गरेका थिए । बुद्धभद्र ईश्वी ४०८ मा पहिलो पटक चीनको चाङयान पुगेका थिए । चीनमा पुगेपछि नेपालका बुद्धभद्रले त्यहाँ विभिन्न बौद्ध धर्मको ग्रन्थ अध्ययन गर्नुका साथै चिनियाँ भाषामा लेखिएका ग्रन्थहरूलाई संस्कृतमा अनुवाद गरे । उनले संस्कृत भाषाको माध्यमबाट चीनमा बुद्ध धर्मको प्रचार खुबै गरेका थिए । चीनका वर्तमान राष्ट्रपति सी ची पिङ नेपाल आउँदा नेपालको बुद्धभद्रले चीनमा गरेको योगदान सम्झेर नेपालीको प्रशंसा गरेको प्रसङ्गबाट पनि नेपाल र चीनबीच परापूर्वकालदेखि नै धार्मिक सम्बन्ध रहेको देखिन्छ । बुद्धभद्रले चिनियाँ भाषाबाट संस्कृतमा धेरै ग्रन्थ अनुवाद गरे पनि ६ वटा मुख्य ग्रन्थ महासांघिकविनय, महापरिनिर्वाणसूत्र, तथागत अमिताभसूत्र, महावैपुल्यसूत्र, तथागत अमिताभसूत्र र तथागत गुह्यकसूत्र मुख्य हुन् । बुद्ध जन्मेको देशबाट आएका हुनाले बुद्धभद्रलाई चीनमा बुद्धकै सन्तानका रूपमा लिने गरेको देखिन्छ ।

किराँतकालमा नेपालको व्यापार उत्तरमा तिब्बतसम्म फैलिएको थियो (उपाध्याय, वि.सं.२०५१) । प्रागऐतिहासिक कालमा किराँतहरु र चिनियाँहरू बीचमा युद्ध भएको मन्धुममा आख्यानले संकेत गर्दछ ( शिवाकोटी, वि.सं.२०६६) । अहिले पनि पुर्खाहरूको तिब्बतीहरूसँगको लडाई हुँदा प्राप्त भएका हाडखुड देखाउने गरेको उल्लेख छ । भौगिोलिक निकटता, आर्थिक पृष्ठभूमिमा समानता तथा तिब्बतबाट धार्मिक र व्यापारिक कारणले भारततर्फ जानुपर्दा मुख्य मार्ग नेपालको बाटो भएरै जानु पर्ने भएकोले व्यापारिक र धार्मिक दृष्टिकोणले नेपाल र तिब्बतको सम्बन्ध परापूर्वकालदेखि नै रहेको थियो ।

### लिच्छविकलमा तिब्बत र चीनसँग सम्बन्ध

लिच्छविकालमा भृकुटीको विवाह तिब्बतका राजा स्रङ्चङ् गम्पोसँग भएको कारणले नेपाल र तिब्बतबीच रक्तसम्बन्ध देखिन्छ भने भृकृटीले बुद्ध धर्मको प्रसारमा भूमिका निर्वाह गरेकीले धार्मिक र साँस्कृतिक सम्बन्ध पनि जोडिएर आयो । राजपरिवार बीच परिवारिक सम्बन्ध, नागरिकबीच व्यापारिक, धार्मिक र साँस्कृतिक सम्बन्ध मात्र थिएन । लिच्छविहरूको गुमेको वंशराज्य तिब्बतको सैनिक सहयोगबाट नरेन्द्रदेवले प्राप्त गरेकाले दुवै बीच परिवारिक सम्बन्धका कारणले राजनीतिक र सामरिक दृष्टिवाट शैन्य सम्बन्ध समेत थपिएको थियो । त्यसै गरी चीनसँग पनि नेपालको सौगात मिशन, चीनियाँ यात्रीहरू नेपाल हुँदै लुम्बिनी र भारत ओहोर दोहोर गर्ने मार्ग भएकोले भौगोलिक, सामाजिक र राजनीतिक सम्बन्ध त स्थापित नै थियो । अझ चीनको सौगात लिएर भारतको हर्षबर्द्धनको राज्यमा गएको चीनियाँ दूतलाई अरुणाश्वले अभद्र व्यवहार गरेपछि चीनको अनुरोधमा लिच्छविकालीन राजा

नरेन्द्रदेवले सेना पठाएर चीनको सहयोग गरेको घटनाले नेपाल र चीनबीच सैनिक र राजनीतिक सम्बन्ध समेत प्रगाढ भएको देखिन्छ ।

तर अंशुवर्मा र नरेन्द्रदेवको कार्यकालभन्दा अघि लिच्छविकालको शुरुवाती अवस्थामा छैठौं शताब्दीको मध्यतिर चीनका मंगोल मूल तथा तिब्बतको पाथरका बार्बरास आदिवासी जनजातिहरूले विस्तारै सामाजिक चेतना प्राप्त गरेकाले नयाँ सभ्यता र संस्कृतिको उदय र विकासको नेतृत्व गर्न सकेको हो (आचार्य, ई.२०१८) । चीन र तिब्बतमा सामाजिक चेतनाको विकाससँगै राजनीतिक र धार्मिक प्रणालीहरु स्थापित भएपछि छिमेकी मुलकसँग राजनीतिक, आर्थिक, धार्मिक र साँस्कृतिक सम्बन्धहरु बढाउन तत्कालिन शासकहरु अग्रसर भए । नेपालको कूटनैतिक सम्बन्ध स्थापना भएको पहिलो मुलुक तिब्बत हो (मिश्र, वि.सं.२०५४) । नेपालको उत्तरतर्फको छिमेकीको रूपमा चीनमा गाभिनुभन्दा अगाडीको तिब्बतसँग विशेष सम्बन्ध थियो । लिच्छविकालमा नेपाल र चीनबीच आवतजावतका लागि संझौता भएको र साँस्कृतिक आदानप्रदान हुने गरेको देखिन्छ ।

सातौँ शताब्दीदेखि नेपाल र तिब्बतको सम्बन्धका विविध पक्षहरु देखापर्दछन् । दुई देशहरू बीचको पहिलो रेकर्ड आधिकारिक सम्बन्ध सातौँ शताब्दीको मध्यदेखिको हो, नेपाल र चीनबीच अनौपचारिक सम्पर्कहरू सांस्कृतिक प्रतिनिधिमण्डलहरू मार्फत धेरै पहिले सुरु भएको थियो । तिब्बतमा सङचङ् गम्पोको शासन तथा नेपालमा लिच्छविकालिन राजा अंशुवर्मा रहेको बेला नेपाल तिब्बत जोड्ने केरुङ् मार्ग प्रचलनमा आयो, जुन मार्ग दुवै देशको सिधा सम्पर्कको लागि सहयोगी भयो ।  केरुङ् पुग्न नुवाकोटको वेत्रावतीवाट धुन्चे, स्याफ्रुवेसी, रसुवागढी हुँदै जानु पर्दथ्यो भने कुतीको बाटो जान साँखु, कोदारी हुँदै तिब्बतेकोशी तरेर खासाबाट उकालो लाग्नु पर्दथ्यो । कुती र केरुङ्ले तिब्बत र चीनलाई काठमाडौं, सिमरौनगढ, मोतीहारी हुँदै मैथिल मार्गबाट सीधै पटनासँग जोडेको थियो । त्यो सम्पर्कको डोरो प्राचीन शहर बनारससम्म तन्किन्थ्यो । दक्षिणतिर हिन्दू तीर्थ बनारस र उत्तरतिर बौद्ध थलो तिब्बत दुवैसँग काठमाडौं एकसाथ जोडिएको थियो (शर्मा, वि.सं.२०८१) । हिमाली नाका कुती र केरुङ्ले गर्दा पहाडको एउटा कुनामा रहेको काठमाडौं दुर्गमबाट रणनैतिक थलो बन्यो । नेपाल उपत्यका हिमाली सिल्क रोडको मूख्य बिसौनी भयो । चिनीयाँ यात्री युवान च्वाङ्को नेपालमा कृषकभन्दा व्यापारीको संख्या बढी भएको वर्णनबाट पनि लिच्छविकालमा नेपाल-तिब्बत व्यापार मौलाएको विश्वास गर्न सकिन्छ (मिश्र, वि.सं.२०७९) । नेपालबाट नेवार समुदायले तिब्बतमा हजार वर्षदेखि व्यवसाय गरेको पाइनुले पनि कृषिभन्दा बढी व्यापारमा संलग्न भएको देखिएको स्पष्ट हुन्छ ।

लिच्छविकालमा नेपाल र चीनबीच रक्तसम्बन्ध पनि भयो र समय-समयमा युद्ध पनि भएको पाइन्छ । जसले सम्बन्धमा उतारचढाव गराइरह्यो । सधैँ नेपाल र चीन र तिब्बतबीच राम्रो सम्बन्ध मात्रै भएन । शिवदेव द्वितीयको समयमा नेपाल र तिब्बतबीच युद्ध भएको थियो (रेग्मी, वि.सं.२०३५) । त्यति बेला नेपालको आक्रमणमा परी तिब्बतका राजा मारिएको कुरा पनि वाङ इन चेको यात्रा वृत्तान्तबाट जान्न सकिन्छ । सातौँ शताब्दीमा नरेन्द्रदेवले चीनका राजासँग मित्रता बढाउन राजदूत पनि पठाएको घटना पनि चीनियाँ वृत्तान्तमा लेखिएको छ (रेग्मी, वि.सं.२०३५) । वास्तवमा एकातिर नेपाल र अर्कोतिर तिब्बत र चीन बीचको पहिलो वास्तविक सम्बन्ध सातौँ शताब्दीदेखिको हो (लेभी, ई.२०२४) ।

राजकुमारी भृकुटी, नेपालका लिच्छवि राजा उदयदेवकी छोरी हुन् भन्ने एक किसिमको मत छ भने अर्को राजा नरेन्द्रदेवको दिदी वा बहिनी हुनसक्ने पनि बताइएको छ । भृकुटीको विवाह तिब्बतका राजा सोङ्चङ् गम्पोसँग भएपछि उक्त वैवाहिक सम्बन्धले नेपाल तिब्बत बीचको सम्बन्ध पारिवारिक र रक्त सम्बन्धको रूपमा रूपान्तरित भएको थियो ।

लिच्छविकालमा ईश्वी ६१६ मा राजा उदयदेवलाई जिष्णुगुप्तले अपदस्थ गरेपछि उनी भागेर परिवारसहित तिब्बत गएका थिए । उदयदेवकी छोरी भृकुटीसँग स्रङ्चङ् गम्पोसंग विवाह भएको थियो । कूटनीतिमा यसले विशेष प्रभाव पारेको थियो । अहिलेसम्म हामी सोही विवाहको कुरा उठाएर तिब्बत सँगको सम्बन्धलाई व्याख्या गर्ने गरिन्छ । भृकुटी बौद्ध धर्ममा आस्था राख्थिन । उनले तिब्बतमा बुद्धका पवित्र आकृतिहरू र दक्ष नेवार कालिगढहरू आफ्नो दाईजोको रूपमा लगेको पाइन्छ । उनको चाहनाअनुसार तिब्बतको रातो महल ती नै कालिगढहरूले बनाएका हुन् । पाँचौं दलाई लामाले पुनर्निर्माण गराइ त्यही महल आज पोताला दरबारको रूपमा विश्व सामु अवस्थित छ । भृकुटीको विवाहको सम्बन्धमा पनि चीनमा बौद्ध धर्म प्रचार गर्ने शर्तमा मात्रै भृकुटीको विवाहको लागि राजी भएको उल्लेख पाइन्छ । त्यतिबेला राजा सङचङ गम्पोलाई सपनामा भृकुटीसँग विवाह गरेमा उनको मान प्रतिष्ठा र श्रीसम्पत्ति बढ्छ भन्ने भएपछि भृकुटी माग्नका लागि हात्ती घोडाको लावालस्करसहित गम्पोका सेनाहरु नेपाल आएका थिए भन्ने गरिएको छ । धेरै आग्रह गर्दा र उपहार दिँदा पनि नमानेकी भृकुटीले आफ्ना केही शर्त राखेर सोही शर्त पूरा गर्न तिब्बती राजा तयार भए पछि मात्रै तिब्बती बुहारी बनेर गएकी थिइन् । उनको शर्तमा चीनमा बौद्ध धर्मको विकास गर्न पाउनु पर्ने, नेपालतर्फ ढोका राखेर घर वा ठूलो गुम्बा बनाउनु पर्ने लगायतका थिए । वि.सं. ६९७ ताका भृकुटी तिब्बततिर लाग्छिन । उनका साथमा बौद्ध ग्रन्थ, अक्षोभ्य बुद्ध, मैत्रय बुद्ध र ताराका मूर्तिहरू हालसम्म पनि जोखाङ् मन्दिरमा छन् ( शर्मा, वि.सं.२०८१) । भृकुटीका बारेमा विवादित कथनहरु भेटिए पनि समग्रमा उनको विवाह तिब्बतका राजासँग भएको र यसले दुवै देशको मात्र नभई तिब्बतको माध्यमबाट चीनसँग समेत नेपालको धार्मिक र साँस्कृतिक सम्बन्ध बढेको देखिन्छ ।

भृकुटीकै कारणले जोखाङ् मन्दिरको मोहडा र मूलद्वार पश्चिमपट्टि अर्थात् नेपालतिर फर्काएर बनाइएको छ । आफ्नी रानीको माइती मुलुकप्रति सम्मान दर्शाउन राजा सोङ्चङ् गम्पोले यसो गर्न लगाइएको र यसको कोठे मूलढोका त आफ्नै हातले तयार पारेको तिब्बती इतिहासमा उल्लेख छ (शर्मा, वि.सं.२०८१) । तिब्बतको पोताला दरबारको सबभन्दा शुरूको हिस्सा मानिने रातो पहाड भनिने ठाउँमा भृकुटीले काठमाडौंबाट समेत शिल्पीहरु लगेर आफ्ना राजाका लागि दरबार बनाउन लगाएकी थिइन ( शर्मा, वि.सं.२०८१) । यसले कालिगढहरू मात्र होइन नेपाली कलाको समेत तिब्बत हुँदै चीनसम्म प्रसिद्धि कमाएको थियो । भृकुटीकै संगतले राजाले बोन धर्म छाडेको समेत भनिन्छ । राजा सोङ्चङ् गम्पोले परम्परागत बोन धर्म छोडेर बुद्ध धर्मलाई राष्ट्रिय धर्म बनाए (शर्मा, वि.सं.२०८१) । यसरी राष्ट्रकै धर्म परिवर्तन गर्न राजा तयार हुनु पनि नेपालको धार्मिक प्रभाव हो । अंशुवर्माको समयमा चीनमा ताङ्ग वंश राज्य थियो । सोङ्चङ् गम्पोले आफ्ना मन्त्री थोन्मी से तिब्बतसहित १६ जनालाई नेपाल र भारत पठाएर बौद्ध विहारहरूमा संस्कृत र पालि भाषा पढ्न पठाई छुट्टै तिब्बती लिपि विकास गर्न लगाएका थिए । त्यस दौरान रत्नमेघसूत्र लगायतका संस्कृत ग्रन्थहरू उल्था गर्न आचार्य शीलमञ्जु नाका नेपाली विद्वान्ले पनि सघाएका थिए (शर्मा, वि.सं.२०८१) । यसले धर्मका लागि मात्र हैन लिपी र भाषाको विकासमा समेत नेपाल र तिब्बतबीच सम्बन्ध स्थापित भएको प्रमाणित हुन्छ ।

केरुङ्को बाटो पाँचौं शताब्दी वा त्यस अघिदेखि नै भए पनि दुईतिरबाट राजवंशबीच वैवाहिक सम्बन्ध गाँसिएपछि त्यसको चल्ती ह्वात्तै बढ्यो । त्यही बाटो भएर चिनियाँ दूतहरु नेपाल भारततिर आउजाऊ गर्न थाले (शर्मा, वि.सं.२०८१) । ईश्वी ६३६ मा युवान च्वाङ् कपिलवस्तु पुगेका देखिन्छन् । यहाँ पुग्नुअघि उनले काश्यप बुद्धको जन्मस्थल पनि भ्रमण गरे । च्वाङ्ले आफनो यात्रा स्मरणमा नेपाल उपत्यका बारे उल्लेख गरेका छन् । उनले आफनो यात्रा वृतान्तमा नेपाल मण्डलका राजा अंशुवर्माको निधन भएको र यी राजाको प्रताप र प्रतिभा देशमा मात्र नभएर विदेशमा समेत चर्चा थियो भनेका छन्

। उनले अंशुवर्मा आफैँमा विद्वान् थिए र विद्वान्को आदर गर्थे समेत भनेका छन् (रेग्मी, वि.सं.२०५३) । अंशुवर्मा र भृकुटीका कारणले स्थापित भएको सम्बन्धलाई नरेन्द्रदेवको कार्यकालमा अझ मलजल गरेको पाइन्छ । अंशुवर्माकै समयमै पहिलो पटक नेपाल र तिब्बतबीच दौत्य सम्बन्ध कायम भयो । अंशुवर्माको समयमै चीनले भारतसम्म र भारतले चीनसम्म पुग्न नेपाल मण्डललाई बाटोका प्रयोग गरेसँगै यो समयमा नेपालको सम्बन्ध उत्तरी र दक्षिणसँग निकै राम्रो भएको स्पष्ट हुन्छ । अंशुवर्माको समयमा दक्षिण छिमेकी भारतमा शक्तिशाली राजा हर्षवर्द्धन थिए । सातौँ शताब्दीताका तिब्बतले नेपालका राजपरिवारलाई शरण दिएको र सैनिक सहयोगसमेत गरी सत्ता फर्काउने कार्यमा सहयोग गरेको देखिन्छ ।

लिच्छवीकालिन राजा उदयदेव नेपालका तत्कालिन सामन्त ध्रुवदेवको षडयन्त्रका कारण नेपाल छोडी तिब्बतको शरणमा जानु परेको थियो । पछि उनै उदयदेवका छोरा नरेन्द्रदेवले तिब्बतको सहयोगले नेपालमा लिच्छिवी शासन पुनर्बहाली गरेका थिए । भृकुटीका दाई नरेन्द्रदेवसँग तिब्बतले प्रतिरक्षा सैनिक सहयोग तथा व्यापार सम्बन्धी सन्धि सम्पन्न गरी सोङ्चङ् गम्पोको शैन्य सहयोगमा जिष्णु गुप्तलाई अपदस्त गरी सत्ता प्राप्त गरेका थिए (शिवाकोटी, वि.सं.२०६६) । ताङवृत्तान्तमा नै तिब्बतको सहयोगमा उनकै छोरा नरेन्द्रदेवले ईश्वी ६४० मा पुस्तैनी राज्य फिर्ता लिएको उल्लेख छ । यसले लिच्छवि शासकको लागि तिब्बतले शरण दिने र सैनिक सहयोगसमेत गरेको देखिन्छ । लिच्छवि राजा नरेन्द्रदेवको समयमा नेपाल र तिब्बतबीच भएको पहिलो प्रतिरक्षा र सैनिक सम्झौता हो । सन्धिअनुसार तिब्बतको दक्षिणी सीमालाई सुरक्षित गर्नु पर्नै व्यवस्था गरिएको थियो र नरेन्द्रदेवलाई तिब्बती सेनाको सुविदार पद समेत दिइएको थियो (शिवाकोटी, वि.सं.२०६६) । यो सहयोग एक प्रकारले भृकुटीको कारणले स्थापित भएको नाताकुटुम्बको सम्बन्धले पनि पाएको हो ।

चिनियाँ ताङवृतान्तअनुसार नरेन्द्रदेवले तिब्बती सैनिकको सहयोगमा विष्णु र भीमार्जुन देवलाई हटाएर राज्य प्राप्त गर्न सफल भए । नरेन्द्रदेव वि.सं ६९९ मा नेपालका राजा बने । वि.सं. ६९९ ताका चीन सम्राटका राजदूत लि यी पियाओ काठमाडौं भएर उत्तर भारततर्फ जाने क्रममा नरेन्द्रदेवले उनलाई भव्य स्वागत गरेका थिए (रेग्मी, वि.सं.२०५३) । यसै गरी वि.सं. ७०३ मा वान हुयेन सेको नेतृत्वमा अर्को चिनियाँ दूतमण्डल पनि काठमाडौँको बाटा प्रयोग गरी भारतका राजा हर्षवर्द्धनलाई भेट्न पुगेको थियो तर यो टोली भारतमा पुग्नु अघि नै हर्षवर्द्धनको निधन भयो । चीनले मगधका हर्षबर्द्धन समक्ष वाङ् हुयेनको नेतृत्वमा उपहारसहित प्रतिनिधिमण्डल पठाएकोमा हर्षबर्द्धनले उपहारसहित फिर्ता पठाउन लाग्दा हर्षबर्द्धनका रक्षामन्त्री अरुणाश्वले सत्ता कब्जा गरी चिनियाँहरूलाई लुटपाट र दुर्व्यवहार गरेपछि उनीहरु ज्यान बचाएर नेपाल आइपुगेका थिए (शिवाकोटी, वि.सं.२०७७) । अरूणाश्वले ती चिनियाँ दूतमण्डलमाथि अभद्र व्यवहार गरे । वान हुयेन सेको टोली आफ्नो सुरक्षा गर्न नेपालको शरणमा आएको थियो ।

भारतका राजा हर्षवर्द्धनको दरबारमा जान निमित्त नेपालको बाटो गरी यात्रा गर्ने थाङ् वंशका सम्राट्का दूत वाङ चन्चेले नेपालका राजा नरेन्द्रदेववाट पनि स्वागत गरेका थिए । उनले नेपालको जम्मा तीनपल्ट यात्रा गरेको उल्लेख पाइन्छ (जोशी, वि.सं.२०४४) । नरेन्द्रदेवले एक असर छिमेकीको नाताले भारतमा आक्रामण गर्न सात हजार घोडचढी सैनिक सहयोग वान हुयेन सेलाई दिए (लेभी, ई.२०२४) । चिनियाँ र नेपाली सैनिकको विशाल सैन्य बलको सहयोगमा वाङ हुयन सेले अरूणाश्वलाई पराजित गरी चीन पुऱ्याए (रेग्मी, वि.सं.२०५३) । चीन र तिब्बतसँग सम्बन्ध अझ राम्रो बनाउन नरेन्द्र देवले वि.सं.७०७ मा नेपालबाट एक दूत मण्डली त्यसतर्फ पठाएका थिए । राजा नरेन्द्रदेवद्वारा ई.सं. ६५१को आसपासतिर सम्भवत आफ्ना जेठा छोरा युवराज स्कन्ददेवको नेतृत्वमा तेस्रो नेपाली दूतमण्डल पनि

तिब्बत राज्यको राजधानी हुँदै चीनको राजधानी पेकिङतर्फ पठाइएको संकेत पाइन्छ (आचार्य, वि.सं.२०७४) । शिवदेवको पालामा ईश्वी ७०५ मा नेपाल तिब्बत बीच युद्ध भएको थियो । चीनको ताङ्वृत्तान्तअनुसार तिब्बतका राजा सोङ्चङ् गम्पोले नरेन्द्रदेवलाई नेपालका पैतृक राजसिंहासन प्राप्त गर्नमा सहायता गरेर उनलाई आफ्नो मातहतमा बनाएको उल्लेख छ । समग्रमा भन्दा लिच्छविकालमा नेपालको तिब्बवतसँगको कूटनीति रक्त सम्बन्धको समेत थियो भन्न सकिन्छ । चिनियाँ सम्राट स्रोङचङ् गम्पोले भारत विरुद्ध मच्चाएको संघर्षमा नेपालको तर्फबाट नरेन्द्रदेवले समर्थन मात्रै नगरी भारतीय शासक अरुणाश्वलाई पक्रिएर तिब्बतलाई बुझाएको कुराले पनि त्यतिबेला भारतसँगभन्दा धेरै राम्रो सम्बन्ध चीनसँग रहेको बुझिन्छ । चिनियाँ वृत्तान्तहरूले नै उल्लेख गरेका हुन् । नरेन्द्रदेवले पाएको सहयोग तथा त्यसअघि भृकुटीको विवाह तिब्बतमा भएको प्रसङ्गहरूले कतै त्यसवेला नेपाल तिब्बतको प्रभावक्षेत्र त भइसकेको थिएन भन्ने प्रश्न गर्नेहरु पनि छन् तर नेपाल तिब्बतको प्रभाव क्षेत्रमा कहिल्यै परेको थिएन । सातौं शताब्दीमा नै तिब्बत कै माध्यमद्वारा नेपाल-चीन बीच मैत्री सम्बन्ध स्थापना शिष्टमण्डलको आदान-प्रदान गर्ने क्रम प्रारम्भ भयो (मिश्र, वि.सं.२०५३) । यी तथ्यहरूले पनि नेपाल कहिल्यै तिब्बतको अधिनमा थिएन भन्ने प्रमाणित हुन्छ ।

अंशुवर्माको निधन भएको १७ वर्षपछि चिनियाँ चर्चित तीर्थ यात्री युवान च्वाङ्गले नेपाल घुमेर फर्किपछि लेखेको आफ्नो यात्रा स्मरणमा नेपालमा कृषकको भन्दा व्यापारीको बाहुल्य भएको बताएका छन् (रेग्मी, वि.सं.२०२६) । युवान च्वाङ्गका अनुसार त्यसबेला धर्म, संस्कृति, व्यापार तथा आदिमा त्रिपक्षीय सहयोग थियो । च्वाङ्गले आफ्नो यात्रा स्मरणमा नेपाल मण्डलका राजा नरेन्द्रदेवले कानमा सुनको रिङ लगाउने, शरीरमा बहुमूल्य गहना तथा रत्नले भरिएको पेटी धारणा गरेको लेखेका छन् । उनले आफ्नो यात्राविवरणमा नेपाल मण्डलमा महायान र थेरवाद बौद्ध धर्म पालना गर्ने दुई हजार व्यक्ति रहेको जनाएका छन् । मानदेवले छिमेकी देशबारे केही प्रसंग उठान नगरेपछि उनै चिनियाँ वंशावलीमा भने उनलाई खुवै प्रशंसा गरेको आधारले पनि नेपाल, तिब्बत र चीनबीचको सम्बन्ध विकास भइसकेको देखाउँछ । सत्यमोहन जोशीका अनुसार सातौं शताब्दीमा चीनका बौद्ध विद्वान् युवान चवाङ् लुम्बिनी आएका थिए । बुद्धका बारेमा ग्रन्थको सङ्कलन गरेर उनले चीनमा प्रचार गरेको कुरा पनि चिनियाँ वृत्तान्तहरूमा नै उल्लेख छ ।

ईश्वि ६४७ मा सौगात मिशन चिनियाँ बादशाहको दरवारमा गएको थियो । चार बर्षपछि नरेन्द्रदेवले सौगात मिशन चीन पठाएका थिए । नरेन्द्रदेवको लगनटोलको ईश्वी ६९५ को अभिलेखमा तिब्बतमा व्यापार गर्नेले प्रत्येक गाउँबाट पाँच जना मानिसले झारा बुझाउनु पर्ने नियम बाँधेका थिए । विभिन्न विद्वान्हरूले उदयदेवका छोरा नरेन्द्रदेवको समयमा नेपाल, तिब्बत र चीनबीचको सम्बन्धलाई ऐतिहासिक रूपमा लिएका छन् । कश्मिरी पण्डित पद्मसम्भव नेपाल हुँदै तिब्बत आएकाले साँस्कृतिक र धार्मिक आदानप्रदानको सम्झौता भएको थियो भन्न सकिन्छ । बौद्ध धर्म सम्बन्धी अध्ययन गर्ने तिब्बतका व्यक्तिहरूलाई नेपाल अकार्षक क्षेत्र बन्दै गयो (मिश्र, वि.सं.२०७९) । तिब्बतमा लाङ्दार्मा राजा भएपछि उनको अत्याचारले तिब्बतको वृहत राज्य छिन्नभिन्न भएको थियो । जसले नेपाल र सोङ्चङ् गम्पोबीच भएको सन्धि निस्कृय भएको थियो (शिवाकोटी, वि.सं.२०६६) । तिब्बतमामाथि काश्मिरले आक्रमण गर्दा तिब्बतका राजा अरमुण्डीलाई नेपालले सहयोग गरेको पाइन्छ । ईसाको सातौं शताब्दीमा नेपाल र तिब्बत बीच सम्बन्ध स्थापना भए तापनि त्यसको करीब एक हजार वर्षसम्म दुई देश बीचको सम्बन्धबारे हामीलाई राम्रो जानकारी छैन (मानन्धर, वि.सं.२०७७) ।

लिच्छविकालमा नेपालमा धेरै तामाको खानी थियो । तसर्थ तामाका भाँडा कमाउने, तामाका टक मार्ने टंकशाला भएर ताम्रकुटशाला भन्ने वस्ती नै बसेको थियो । चीनको ताङवृत्तान्तमा पनि नेपालमा

धेरै तामाको काम हुने लेखिएको छ (नेपाल, वि.सं.२०७३) । संभवत नेपालमा तामाबाट बनेको भाँडाकुँडा चीनसम्म पनि पुगेको हुनुपर्छ । तिब्बतबाट नेपालमा घोडा ल्याउने गरिन्थ्यो । नेपाल पहाडी क्षेत्र भएकाले घोडचढी फौज राखिन्थ्यो । भारतबाट सक्खर बनाउने विधि चीन जाँदा होस वा चीनबाट कागज बनाउने विधि भारत पुग्दा, त्यसको माध्यम नेपाल नै बन्न पुगेको थियो (शर्मा, वि.सं.२०८१) ।

नेपालबाट भाँडावर्तन, कपडा, चिनी, मसला, सूर्ति, तमाखुँ, खोर्सानी, अदुवा आदि उत्तरी छिमेकी देशमा जान्थ्यो । लगन टोलको शिवदेव संवत् ११९ मा 'अस्मिन ग्रहारे भोट्ट विष्टी हतो प्रतिवर्ष भारिक पञ्च व्यावसायिं' शब्द परेको छ । तिब्बत र पञ्चलाई विभिन्न विद्वान्हरूले आफनै किसिमले विश्लेषण गरेका छन् । चीन सरकारले २०१८ सालमा गरेको एउटा सर्वेक्षणका क्रममा तिब्बतको एउटा नेपाली पसल हजार वर्षभन्दा अघि खोलिइएको, जुन सर्वेक्षण गरेको बेला पनि चलिरहेको थियो । त्यस वाहेक तीन वटा नेपाली पसल ५०० देखि हजार वर्ष पुराना र चारवटा २०० देखि ५०० वर्ष पहिले खोलेको पाइएको छ (शर्मा, वि.सं.२०८१) । तिब्बतमा त्यहाँको सम्भ्रान्त वर्गपछि सबैभन्दा सम्मान पाउनेमा नेपाली साहुहरू हुन्थे । किनभने उनीहरु कुनै बेलाकी तिब्बती महारानीको माइती मुलुकका मान्छे थिए । त्यसमाथि उनीहरूसँग पैसा, पहुँच, हतियार, शक्ति, साधनस्रोत कारोवारी, बैङ्कर, शोषक सबथोक थिए, त्यसैले तिनलाई सोताला (साहु) भन्ने गर्थे (शर्मा, वि.सं.२०८१) ।

लिच्छिविकालका अभिलेखका ग्रन्थकार धनवज्र वज्रचार्यले तिब्बत व्यापार गर्दा अनिवार्य पाँच जना भरिया पठाउनु पर्ने विश्लेषण गरेका छन् (वज्राचार्य, वि.सं.२०३०) । चिनियाँ ताङवृत्तान्त र नेपालमा प्राप्त अभिलेख आधारमा नेपाल र उत्तरी छिमेकी देशबीच लिच्छविकालीन समय व्यापारिक सम्बन्ध राम्रो रहेको स्पष्ट हुन्छ । सातौँदेखि नवौँ शताब्दीसम्म नेपाल-तिब्बत सम्बन्ध मित्रवत नै रहेको पाइन्छ । भारतका बौद्ध धर्मका विद्वान्हरू तिब्बत, चीन जाने र तिब्बत/चीन तर्फवाट बौद्ध भिक्षुहरु भारत जाने मूल मार्ग नेपाल भएकोले एक प्रकारले नेपाल भारत र चीन/तिब्बत बीचको संगमस्थल नै भयो । यसले नेपाली-तिब्बत-चीन बीच व्यापार, धर्म र सँस्कृतिको विशेष सम्बन्धहरू स्थापित भए । चीन र नेपालबीच लिच्छविकालमा धर्मदूतको आदानप्रदान हुने गर्दथ्यो (शिवाकोटी, वि.सं.२०७७) । नेपालको बाटो भएर नै चिनीयाँ भिक्षुहरु भारत जाने गर्दथे ।

ऐतिहासिककालदेखि नै चीन र नेपाल अत्यन्तै मित्रवत र भरपर्दो छिमेकीका रूपमा रहेका छन् । चीनले तिब्बत क्षेत्रलाई बौद्ध धर्मका अनुयायी लामाहरूको आह्वान र प्रार्थना गर्ने ठाउँको रूपमा रहने अनुमति दिएको छ । ईश्वी ७६४ मा चिनिया यात्री बु कुङ्गाले लुम्बनी भ्रमण गरेका थिए । ईश्वी ७६४ मै अर्का चिनियाँ तीर्थयात्रु फांग कपिलवस्तुको बाटो प्रयोग गर्दै लुम्बिनी पुगेका थिए । यसै गरी नवौं शताब्दीको आसपासमा कि ये नामक चिनियाँ तीर्थयात्री लुम्बिनी पुगेका थिए । फाहियान र युवान च्वाङ् लुम्बिनी र कपिलवस्तुमा आउने चिनियाँ तीर्थयात्रीहरूमध्ये चर्चित मानिन्छन् । हुन त नेपालकै बौद्धिक वर्गहरूको रूपमा चिनिएका शान्तश्री, अनन्तश्री, सुमनकीर्ति आदि नवौं र दशौं शताब्दीमा तिब्बतमा बौद्ध धर्मको प्रचार प्रसारमा योगदान गरेको पाइन्छ (मिश्र, वि.सं.२०५३) ।

**मध्यकालमा तिब्बत र चीनसँग सम्बन्ध :**

मध्यकालमा धार्मिक, व्यापारिक र साँस्कृतिक सम्बन्ध यथावत रहे पनि सोङ्चङ् गम्पोको शासनकालपछि सधैं जस्तो सम्बन्ध रहन पाएन । नवौं र दशौं शताब्दीमा नेपालका विद्वान्हरु शान्तिश्री, अनन्तश्री, सुमनकीर्ति आदिले तिब्बतमा बौद्ध धर्मको प्रचार प्रसारमा योगदान गरेका थिए । त्यसपछि भने तिब्बतको आन्तरिक राजनीतिमा खटपट भएकोले नेपालसँगको सम्बन्ध तिब्बत र चीन दुवैसँग पहिलेको जस्तो रहेन । नवौं शताव्दीदेखि १२ औं शताव्दीसम्म चीनमा चरम अराजकता भएको थियो । तिब्बतमा

समेत बौद्ध धर्म र बोन धर्म बीचको हिंसात्मक द्वन्द्वले राजाको समेत हत्या भएकोले व्यापारीहरूले तिब्बती मार्ग प्रयोग गर्न छोडेका थिए (शिवाकोटी, वि.सं.२०७७) । गोपालराज वंशावलीले उत्तर मध्यकालमा तिब्बत उपर नेपाल मण्डलको शासन कायम रहेको थियो भनि उल्लेख छ (मिश्र, वि.सं.२०५३) । पूर्व मध्यकालमा नागराजले खस साम्राज्यको स्थापना गर्दा तिब्बतको ल्दे वंशसँगै संभौता गरेको पाइन्छ । खस राज्यसँग गरेको सन्धिमा एक अर्कालाई आक्रमण नगर्ने र तिब्बती राजाले खस राज्यलाई सैनिक सहयोग समेत गर्ने कुरा देखिन्छ (शिवाकोटी, वि.सं.२०६६) । ईश्वी १०४० मा बौद्ध लामा अतिशा दिपङ्कर र ईश्वी १०९० मा मिलारेपा नेपाल आएका थिए (न्यौपाने, वि.सं.२०७८) । यस समयमा तिब्बतबाट बौद्ध लामाको प्रवेश भएको थियो । धेरैजसो बौद्ध लामाहरु काठमाडौँको बौद्ध, स्वयम्भु, साँखु र दक्षिणकालीमा बसोवास गर्दथे (न्यौपाने, वि.सं.२०७८) । त्यस पछि १३ औं शताब्दीसम्म त्यस्तो चर्चित व्यक्तित्वहरूको नेपाल आगमन वा नेपालका चर्चित व्यक्ति चीन गएको प्रमाण छैन । सातौं शताब्दीदेखि दशौं शताब्दीसम्मका कुनै पनि अभिलेख एवं साहित्यिक स्रोतहरुसमेत प्राप्त नभएकाले यो युगलाई 'अँध्यारो युग' पनि भनिन्छ ।

एकैपटक १३ औं शताब्दीमा आएर नेपालका राजा भिम मल्लको समयमा ८० जना चीनका राजा कुब्ला खाँको निमन्त्रणामा १७ वर्षका कलाकार अरनिको आफनो ८० जना सहयोगी कलाकारका साथ ईश्वी १२६० मा तिब्बतका राजधानी पुगेका थिए (न्यौपाने, वि.सं.२०७८) । दुई वर्षमा सुवर्ण चैत्यको निर्माण कार्य समाप्त भएपछि कलाकार अरनिकोको अनुपम कलाकारिताबाट अत्यन्त प्रभावित भएका साक्या गुम्बाका संघनायक पाहसपाले उनलाई चीना युआन् वंशी सम्राटको दरबारमा लिएर गए ( जोशी, वि.सं.२०४४) । नेपाली कलाकार अरनिकोले चीनमा गएर स्वर्ण धातुमा आफ्नो कला देखाएपछि चिनियाँहरू नेपालीहरूसँग धेरै नजिक भएको पाइन्छ । सत्यमोहन जोशीले नेपाल चीन साँस्कृतिक परिषदको ईश्वी १९८४ सेप्टेम्बरमा भएको सम्मेलनमा प्रस्तुत गरेको 'प्राचीन र मध्यकालीन समयमा चीनसँग नेपालको साँस्कृतिक सम्बन्ध' शीर्षकको कार्यपत्रमा नेपालको अनुपम कलाको परिचय चीनमा गराउन सफल बलबाहु कालन्तरमा चीनमा नै आफ्नो जीवन बिताई अरनिको नामले प्रसिद्धि पाए भनी उल्लेख गरेका छन् । अरनिको प्यागोडा शैलीको मन्दिरहरू निर्माण गर्ने दक्ष कलाकार हुन् । अरनिकोको जन्म ईश्वी १२४४ मा पाटन शहरमा भएको र मृत्यु ईश्वी १३०६ मा पहिलो महिनामा पेकिङमा भएको थियो । अरनिकोले निर्माण गरेको स्वेत चैत्य चीनको बेइजिङमा अहिले पनि पर्यटकको आकर्षणको रूपमा रहेको छ । अरनिकोले नेपाली वास्तुकला र नेपाली कलाकारको नेतृत्व गर्दै धातुकलालाई चीन र तिब्बतमा प्रसार गर्ने काम गरेका थिए । उनले तिब्बत र चीनमा सुनको जलप भएका अनेकौं रङ्गले रङ्गिएका मूर्ति बनाउने, पुराना मूर्तिको जीर्णोद्धार अत्यन्त कुशलतापूर्वक गरेको देखिन्छ । यिनले चीनमा प्यागोडा शैलीमा भव्य श्वेत प्यागोडाको निर्माण गरेका थिए । अरनिकोको योगदानले नेपालप्रति चीन र तिब्बतको शासकहरुले मित्रवत व्यवहार गरेका थिए ।

ईसाको तेह्रौ शताब्दीतिर चीनका सम्राटले नेपाल र भारतमा आक्रमणको योजना बनाएका थिए । मिंग वंशको कार्यकाल ईश्वी १३६८ देखि १६४४ मा चीन र विभाजित मल्ल राज्यहरूमध्ये बनेपामा राजा बीचमा राम्रो कुटनीतिक सम्बन्ध स्थापित भएकोले ५ देखि ७ पटक सौगाम मिसनहरु आदान प्रदान भएको थियो । शक्ति सिंहले आफ्नो समयको पहिलो चिनियाँ मिशन ईश्वी १४०९ मा प्राप्त गरेर उनले तुरुन्तै सम्राटलाई ईश्वी १४१० मा नेपाली मिसन पठाएका थिए । ईश्वी १४१३ मा उनलाई चीनबाट अर्को मिसन पठाएर सम्मान गरिएको थियो, जबकि उनले आफैंले ईश्वी १४१४ मा समेत सौगात मिशन पठाएको थियो । यो मिसनले उनलाई नेपालको राजाको रूपमा मान्यता दियो किनभने 'शति-सिन-को नेपालको राजा नियुक्त भएको थियो' भनेर उल्लेख भएको पाइन्छ (रेग्मी, वि.सं.२०७७) । ईशाको चौधौं

शताव्दीतिर चीनका मन्चु वंशले तिब्बतमा व्यापार गर्ने व्यापारीहरु पाल्पाका रैति भनेर लेखेको छ । त्यसैले पाल्पातिरबाट समेत तिब्बतसँग व्यापार भएको देखिन्छ ।

उता खस राज्यको पतनका सँगै नागराजले गरेको सन्धिमा समेत परिवर्तन हुन गएको थियो । खस साम्राज्यका अन्तिम राजा अभय मल्लको राज्य मलय वर्माले कब्जा गरेपछि अभय मल्लका धर्मपुत्र बलिराज शाहीले मुगु र डोल्पा क्षेत्र आफ्नो अधिनमा राखेर वि.सं.१४५७ मा जुम्ला राज्य स्थापना गरेका थिए । यसै बेला सामन्तहरु सक्रिय भएकाले बाइसे राज्यहरु स्थापना भएको देखिन्छ । पछि बलिराज शाहीले तिब्बतसँग सीमा तथा सीमा व्यापार लगायत तिब्बतसम्म नुन, सुनचाँदीको व्यापार गर्ने संझौता गरेका थिए (शिवाकोटी, वि.सं.२०६६) ।

खस साम्राज्यको समयमा अवध लखनऊ राज्यबाट खस राज्यका आछाम हुँदै कर्णालीको किनारै किनार जुम्लाबाट तिब्बतसम्म व्यापारिक तथा परिवहन मार्ग खोल्ने सम्झौता समेत भएको थियो ( शिवाकोटी, वि.सं.२०६६) । मुस्ताङ्मा रहेको गुफाहरूले तिब्बत र नेपाल बीच साँस्कृतिक र व्यापारिक केन्द्रको रूपमा उक्त क्षेत्र थियो भन्ने प्रमाणित हुन्छ ।

त्यसैले तिब्बत र चीनको यात्रामा गएर पुस्तक लेखेका सुधीर शर्मा (वि.सं.२०८१)ले भनेका छन्, “तिब्बत र चीनमा वर्तमान नेपाल त खासै भेटिन्न, विगतमा बारम्बार आइरहन्छ” । उनी घुमेको स्थानका बारे पुस्तकमा नेपाली कला र संस्कृतिको सम्झना गराउने विभिन्न कलाकृति फेला पारेको बताएका छन् । तिब्बत र सिगात्सेका दरबार र गुम्बाहरु घुम्दा होस् वा बेइजिङ्का लामा मन्दिर श्वेत चैत्यको परिक्रममा लगाउँदा नेपाली कलाको स्पष्ट सुवास आउँछ । चीनको हेर्नै पर्ने स्थानका रूपमा रहेको ग्रेटवाल घुम्न जाँदा समेत सुधीर शर्माले रञ्जना लिपि भेटिएको प्रसंग पुस्तकमा लेखेका छन् । ग्रेटवालदेखि सियानका बौद्ध मन्दिरहरुमा हाम्रो रञ्जना लिपि कुँदिएको भेटिन्छ । चीन- तिब्बतसँग हाम्रो सम्बन्ध कला, लिपि र धर्मले जोडेका थिए (शर्मा, वि.सं.२०८१) ।

मध्यकालको शुरूवाती अवस्थामा सम्बन्ध स्पष्ट नभए पनि ईश्वी १४१८ मा दुई पक्षहरूले फेरि मिसनहरूमार्फत कोसेलीहरू आदानप्रदान गरे र चिनियाँ पक्षको नेतृत्व तेङ-चेङले गरिरहेका थिए । अन्तिम चिनियाँ राजदूत ईश्वी १४२७ मा आएका थिए । त्यसपछि सम्पर्क टुट्यो । यो निश्चित छ कि तिब्बतराजा लगभग यसै समयमा समाप्त भएको थियो (रेग्मी, वि.सं.२०७७) । त्यसपछि नेपालको तिब्बतसँगको व्यापारमा चाँदीको टकको व्यापार प्रवेश गर्दछ ।

महेन्द्र मल्ले मोहर मार्नुभन्दा २०/२५ वर्ष पहिले अर्थात् वि.सं.१६०५ भन्दा अघि नै दोलखाधिपति इन्द्रसिंहले मोहर ढालिसकेका थिए (नेपाल, वि.सं.२०७३) । नेपालका मल्लवंशी राजा महेन्द्रमल्ल (वि.सं.१६१७-१६३१)ले सर्वप्रथम चाँदीका मोहर ढाल्न लगाएका थिए । यसमा दिल्लीको वादशाहसँग अनुमति लिएर महेन्द्र मल्लले मोहर ढालेका थिए भनिएको छ (नेपाल, वि.सं.२०७३) । दिल्लीमा सौगात लगि मुगल सम्राट अकवरबाट नेपालमा चाँदीको मोहर बनाउने सहमत लिन सकेपछि नेपालमा चाँदीको मोहर महेन्द्रमल्लीको टकसारी शुरू भएको थियो (शिवाकोटी, वि.सं.२०६६) ।

महेन्द्र मल्लको समयमा तिब्बतबाट चाँदी ल्याएर नेपालमा छपाई गरी आपूर्ति गर्न सहमति भएको थियो । कर्कपेट्रिकले पनि पहिला तिब्बती सोङ्चङ् गम्पोले चाँदीका सिक्का बनाउँदैन थिए, चाहिएको सिक्का गोरखाबाट आयात गरी विनिमय गर्दथे भनी लेखेका छन् (शिवाकोटी, वि.सं.२०६६) । तिब्बतीहरु मुद्रा छाप्ने कुरालाई अपसकुन ठान्दथे (न्यौपाने, वि.सं.२०७८) । सत्रौं शताब्दीमा कोसोर मङ्गोल राजा गुसरी खाँले १६४२ ईश्वीमा तिब्बतमाथि आक्रमण गरेका थिए । त्यहाँका राजा मारिए र कर्मापा दलका लामालाई निकालेर गेलुगया दलका नावांग लोकजोंग ग्यासोलाई पाँचौं दलाई लामा नियुक्त गरी यिनको हातमा शासन सत्ता सुम्पिएको थियो (न्यौपाने, वि.सं.२०७८) । गुसरी खाँको

आक्रमण भएका समयमा काठमाडौँका राजा लक्ष्मीनरसिंह मल्लका मन्त्री भीम मल्ल तिब्बत गएका थिए ।

१७ औँ र १८ औँ शताब्दीमा नेपाल तिब्बत व्यापारले नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । गोरखा र काठमाडौँका तीन राज्य बीच पनि तिब्बतमा चाँदीको टक पठाउन पाउनैका लागि विवाद बारम्वार भइरहन्थ्यो । सत्रौँ शताब्दीमा तिब्बतले नेपालको आक्रमणको सामना गर्नु परेको थियो । गोरखाका राजा राम शाहले केरुङ् कब्जा गरेका थिए । गोर्खाको कदमले काठमाडौँलाई तिब्बतसँगको व्यापारमा घाटा भएको थियो ।

प्रताप मल्लले वि.सं. १६९८ मा आफ्ना पिता लक्ष्मीनरसिंह मल्ललाई कैद गरी उनी आफैँ राजा भएपछि तिब्बतमा भिम मल्ललाई युद्ध गर्न पठाएका थिए । वि.सं.१७०३ को काठमाडौँको कृष्णमन्दिरको शिलालेखमा तिब्बतको राजाको अधीनमा रहेको कुती, खासा र केरुङ् जितेको उल्लेख छ (न्यौपाने, वि.सं.२०७८) । नेपालले त्यस वखत कुती र केरुङ कब्जा गरेकोले तिब्बत र नेपालबीच सिगात्सेमा सन्धी भयो । उक्त सन्धिमा भएको सहमतिलाई बुँदागत रूपमा यस प्रकार छन् ।

१. कान्तिपुर र तिब्बतले तिब्बती सीमावर्ती शहरको साझा उपयोग गर्ने ।
२. कान्तिपुरका व्यापारीले तिब्बतमा बत्तीस कोठी स्थापना गरी व्यापार गर्न पाउने ।
३. तिब्बतमा कान्तिपुरले आफ्नो व्यापारीको सुरक्षाका लागि नायक राख्न पाउने ।
४. तिब्बतमा व्यापार गर्ने कान्तिपुरका व्यापारीहरूले तिब्बती सरकारलाई कर नतिर्ने ।
५. तिब्बतले सुनचाँदीको रूपमा प्रत्येक वर्ष कान्तिपुरलाई लक्षणात्मक क्षतिपूर्ति दिने ।
६. कान्तिपुरका राजाले तिब्बतमा चल्ने चाँदीका सिक्का बनाउनका लागि चाहिने चाँदी तिब्बतले उपलब्ध गराउने वा नेपालले दिएको चाँदीको सिक्का बापत तिब्बतले सुन दिने ।
७. तिब्वत र भारतका सबै व्यवसाय काठमाडौँ उपत्यकाबाट ओसार पोसार गर्नुपर्ने र सो मार्गलाई अन्य मार्गभन्दा प्राथमिकता दिनुपर्ने ।
८. नेपालका व्यापारिलाई दुःख दिनेहरूलाई तिब्बतले नेपालीलाई बुझाउनु पर्ने वा कडा कारवाही गर्नुपर्ने ।
९. तिब्बतमा नेपाली व्यापारीहरूले स्वतन्त्र रूपमा व्यापार गर्न पाउनु पर्ने ।
१०. एक अर्कालाई सङ्कट परेमा सैनिक सहयोग गर्ने ।
११. युद्धमा भएको क्षतिपूर्ति बापत तिब्बतले नेपाललाई हर्जाना स्वरूप सुन उपलब्ध गराउने ।
१२. नेपाली व्यापारीले तिब्बतका रैतीसँग विवाह गरी जन्मिएका सन्तान छोरा भए कान्तिपुरको र छोरी भए तिब्बतकै रैती हुने ।
१३. तिब्बतमा कान्तिपुरका व्यापारीहरूको अपुतालिको सम्पत्ति कान्तिपुरले पाउने ।

माथिका बुँदाहरूको विश्लेषण गर्दा तिब्बत व्यापारमा कान्तिपुरले एकाधिपत्य जमाउन सफल भएको थियो । तर यति राम्रो सन्धि गरेका भिम मल्ल नेपाल फर्केर आउँदा नेपालको पक्षमा भएको सन्धिले उनको प्रभाव बढेको देखेर तिब्बतसँग नेपालको हित विपरित सन्धि गरेको भनी मृत्युदण्डको सजाय दिइएको थियो । नेपाल सरकारले यसलाई अनुमोदन गरेको देखिंदैन । राजा प्रताप मल्लका पालामा वि.सं. १७०७ मै तिब्बतलाई लडाँईमा हराएर लासामा नायक नाम दिई कूटनीतिक प्रतिनिधि खटाइएको थियो (शर्मा, वि.सं.२०८१) । ललितपुर र भक्तपुर पनि कान्तिपुरको सरह सुविधा तिब्बतबाट लिन थाले । महेन्द्र मल्लको समयका पैसा पनि तिब्बतमा गएकै थियो । पछि नेपालले बनाएको मुद्रा खोटा भएको भनेर तिब्बतले लिन अस्विकार गर्दा विवाद भएको थियो । भक्तपुरका अन्तिम राजा रणजीत मल्ललाई उपचार गर्न तिब्बतको जान्ने लामा आएका थिए भनिन्छ ।

वि.सं. १७१८ ताका पादरी ग्रेबेर बेइजिङ्बाट तिब्बतमा हुँदै काठमाडौं आएर पारत पसी आगरा-लाहौर-तेहरान-इस्तानवुल हुँदै रोम पुगेका र उनले नेपालका तत्कालिन राजा प्रताप मल्ललाई भेटेर दुरुबीन उपहार दिएका थिए ( शर्मा, वि.सं.२०८१) । ईश्वी १६८५ मा जोन काब्राल भनिने जेजुइट पादरी सिगात्सेवाट हिँडेर काठमाडौं हुँदै बङ्गाल पुगेका थिए (शर्मा, वि.सं.२०८१) । यसरी पादरीहरु पनि चीन जाँदा वा फर्किदा नेपालको बाटो प्रयोग गर्ने क्रममा नेपालको भौगोलिकता बुझेर नेपालमा समेत बस्ने गरी आउन थालेको देखिन्छ ।

मुस्ताङ्को समाजोङ् गुफामा निकै पुराना रङ्गीन रेशमी कपडाले बाँधिएका शवहरू फेला परेका छन् । कार्बन डेटिङ् गरेर हेर्दा ईश्वी ४००-६५० ताकाका भएकाले रेशमी कपडा चीनबाट ल्याइएको र त्यसलाई रङ्गाउने प्रविधि भारतबाट आएको पाइएको अनसन्धानकर्ताहरूले वताएका छन् (शर्मा, वि.सं.२०८१) । तिब्बतमा अर्को कुनै मुलुकको कूटनीतिक नियोग छैन । नेपाल मात्र यस्तो मुलुक हो, जसको तिब्बतमा सयौं वर्षको इतिहास बोकेको महावाणिज्य दुतावास छ ।

खोटा टकको विवाद बढी रहेको बेला तिब्बत र चीनबीच समेत विवाद भयो । चीनका दुई अम्बा तिब्बतम रहेर शासकलाई सल्लाह दिन थालेका र्थिए । गोरखाका राजा राम शाहको पालामा तिब्बतसँग युद्ध भएको र दुवै बीचको सन्धिमा कुती मार्ग गोरखालीका लागि समेत खोल्ने सहमति भएको थियो । यो मार्गमा तिब्बतसँगको व्यापारमा गोरखालाई फाइदा भएपछि पृथ्वी नारायण शाहलाई समेत काठमाडौं उपत्यका कब्जा उत्साहित बनाएको थियो । पृथ्वी नारायण शाहले काठमाडौंलाई आर्थिक नाकाबन्दी गर्दा तिब्बत नेपाल व्यापारमा प्रभाव परेको थियो । नुवाकोट कब्जा गर्ने बित्तिकै पृथ्वीनारयाण शाहले शुद्ध टक ढाली तिब्बत पठाउने प्रयास गरे पनि सफल भएनन् । हुन त ईश्वी १७५७ मा नै गोरखा र कान्तिपुर बीचमा भएको एउटा सन्धिअनुसार दुवै देशको तिब्बतमाथि समान व्यापारिक अधिकार रहने भनिएको थियो । यी सबै हुँदा हुँदै पनि तिब्बतले खोटा टकको विवाद झिकिरहेकोले नेपाल-तिब्बत सम्बन्ध शासक स्तरमा बिग्रिएको थियो ।

पृथ्वीनारायण शाहले काठमाडौं विजय गर्नु अघि अर्थात ईश्वी १७६९सम्म नेपाल-तिब्बत र चीन सम्बन्धमा उचारचढावहरू आएको पाइन्छ । अन्तिममा खोटा टकका कारणले नेपालभन्दा अन्यत्रबाट भारतसँग तिब्बतले व्यापार गर्न थालेको थियो । पृथ्वीनारायण शाहले उपत्यकामा ईश्वी १७६८-६९ मा दखल गरेपछि काठमाडौंले पहिले जस्तो वैदेशिक नीति लिएको थियो, सोहीअनुसार गर्ने रणनीति अवलम्बन गरेका थिए । पृथ्वी नारायण शाहले काठमाडौं जित्ने बित्तिकै नेपाल तिब्बतको परम्परागत व्यापारिक सम्बन्धलाई चालु गर्न चाहेका थिए । तिब्बतले मल्लकालदेखि नै चलिरहेका खोटा र खिइएको मुद्राको समस्या समाधान नगरेसम्म तिब्बत नेपालसँग व्यापार गर्न तत्पर थिएन । तिब्बत खिइसकेको मुद्राको बदलामा नयाँ मुद्रा चाहिरहेको थियो । यसमा पृथ्वीनारायण शाहले पहिलो त यसले नेपाललाई ठूलो आर्थिक बोझ हुन्छ र दोस्रो मल्लकालिन समस्याको दोषी नवनिर्मित नेपालको शाह शासकलाई थोपर्न पाईन्दैन । पृथ्वीनारायण शाहले विकल्पमा दुई वटा खिइएको मुद्रा बराबर एउटा मुद्रा दिने प्रस्ताव राखेका थिए । तर तिब्बत यो मान्न तयार नभएकोले प्रयास भइरहेको अवस्थामा ईश्वी १७७५ जनवरीको ११ मा पृथ्वीनाररायण शाहको स्वर्गारोहण भएकोले यो समस्या यथावत् भयो ।

## विश्लेषण

सर्वप्रथम नेपालको तिब्बत र चीनसँगको परापूर्वकालदेखिको सम्बन्धलाई विश्लेषण गर्दा तत्कालिन अवस्थामा तीनवटै देशहरु विभाजित अवस्थामा थिए भन्ने विर्सनु हुँदैन । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नु अघिसम्मको अवधि मध्यकाल रहेकोले यहाँ प्रारम्भदेखि किराँतकालसम्मको कुरा

एक भागमा गरिएको छ । जसमा लुम्बिनी, तिरहुत, सिम्रौनढ, पश्चिमका खस राज्य, बाइसी, चौबिसी राज्यहरूसँग चीन र तिब्बतको सम्बन्धको उल्लेख गरिएको छ । यस वाहेक पूर्वका पछिल्लो चरणका सेन राज्य, विजयपुर दौदण्डी राज्य, काठमाडौँ उपत्यकाको शुरूका एउटै राज्य नेपाल र पछि कान्तिपुर, ललितपुर र भक्तपुर राज्यहरूसँग भएको तिब्बत र चीनसँगको सम्बन्धको कुरा गरिएको छ । उपत्यका बाहिरका बनेपा, दोलखा राज्यहरुसँग समेत तिब्बत र चीनले राखेको सम्बन्धहरूको समेत उल्लेख गरिएको छ ।

हिमालपारी रहेको तिब्बत र चीनसँग नेपालको सुमधुर सम्बन्ध रहनुमा प्रमुख भौगोलिक कारण रहेको छ । हिमाली भागमा आवतजावत गर्नका लागि सहज बाटाहरू कुती, केरुङ्, दोलखाको लामाबगर, हुम्ला र मुस्ताङ्तिरका सहज बाटाहरूले गर्दा नै पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक र धार्मिक सम्बन्धहरु स्थापित गर्न सहज भएको हो । गौतम बुद्धको जन्म लुम्बिनीमा हुनु तथा बुद्ध धर्मको प्रचारप्रसार तिब्बत र चीनमा हुँदा त्यसप्रति त्यहाँका नागरिक र शासकको ध्यान आकृष्ट हुनुले पनि धार्मिक उद्देश्यले यात्रा गर्नेहरु नेपालको बाटो भएर लुम्बिनी र भारतका विभिन्न स्थानमा जाने र भारतबाट पनि चीन, तिब्बततर्फ धार्मिक विद्वान्हरु जाने आउने गर्दा नेपालको चीन र तिब्बतसँग धार्मिक, साँस्कृतिक सम्बन्ध स्थापित भयो । तिब्बतले आफैँ टक छाप्नुलाई अशुभ ठान्नाले नेपाललाई सुन चाँदी दिएर टक लिनु पर्ने बाध्यताका कारणले मुद्राको साथसाथै अन्य व्यापारहरु नेपाल आफैँले गर्न पाउनु तथा नेपालको बाटो भएर बंगालका सामानहरु चीन तिब्बत जाने र चीन तिब्बतका सामानहरू नेपाल र बंगाल अवध, काशी र विश्व बजारमा जाने मार्ग भएकोले यसबाट नेपालले विशेष गरेर दोलखा, कुती, केरुङ्को व्यापारिक मार्ग प्रयोग गरी काठमाडौं खाल्डोले सम्बृद्धि र साँस्कृतिक पहिचान बढाउने अवसर प्राप्त गरेको थियो ।

**निष्कर्ष**

परापूर्वकालदेखि मध्यकालसम्मको नेपालसँग तिब्बत र चीनको सम्बन्धलाई सरसरती हेर्दा बुद्धभद्र लगायतका बौद्धिक व्यक्तिहरूको बुद्ध धर्मको प्रसारका लागि हिमालपारी जानका लागि नेपालका केही बाटाहरू सहज भएकाले हाम्रो सम्बन्ध तिब्बत र चीनसँग स्थापित हुन गएको थियो । सातौं शताब्दीमा सम्बन्धको जग बसाल्नका लागि भृकुटीको विवाह र नरेन्द्रदेवलाई नेपालका राजगद्दीमा राखेर लिच्छवि वंश पुनर्स्थापित गर्न तिब्बतले गरेको सहयोग नै थियो । यसले लिच्क्षछविकालमा नेपालको तिब्बतसँग रक्त सम्बन्ध देखि धार्मिक, आर्थिक र साँस्कृतिक सम्बन्ध समेत प्रगाढ रहेको देखिन्छ । देशभित्रको आन्तरिक द्वन्द्व बढेको बेला केही वर्ष सम्बन्ध कमजोर हुने देखिए पनि हर्षबर्द्धनलाई सौगात पुऱ्याउन गएका चिनियाँ सौगात मण्डलीलाई त्यहाँ भएको दुर्व्यवहारको बदला लिनका लागि राजा नरेन्द्रदेवले चीन सहयोग गरेको घटनापछि नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध गाँसेर प्रतिनिधिमण्डलको आदानप्रदान गर्न उनी सफल हुनुले पनि चीनसँगको सम्बन्ध सुमधुर रहेको थियो भन्न सकिन्छ ।

मध्यकालको अवस्थामा पनि नेपालको चीन र तिब्बतसँगको सम्बन्ध धर्म, संस्कृति र व्यापारको दृष्टिले महत्वपूर्ण रहेको थियो । विशेष गरेर चीनलाई दक्षिणतर्फको सीमा सुरक्षाका लागि एक असल मित्रको आवश्यकता थियो । अर्को गौतम बुद्धको जन्मस्थलसम्म आउजाउ गर्ने तथा धार्मिक र व्यापारिक उद्देश्यले लुम्बिनी र अवध, बङ्गाल, काशी र ती बाटो हुँदै विश्वका अन्य मुलुकसँग सम्पर्क गर्न नेपालको बाटो सुरक्षित र सहज भएकोले चीन र तिब्बतले नेपालसँग राजनीतिक, धार्मिक, साँस्कृतिक र

व्यापारिक सबै खाले सम्वन्ध स्थापित गरेको पाइन्छ । तीन देश बीचको आपसी सम्बन्धले नेपालले समेत आर्थिक, धार्मिक र राजनीतिक फाइदाहरु प्रशस्त लिन सकेको थियो ।

तिब्बतले आफैँ टक छाप्नुलाई अशुभ ठान्नाले नेपाललाई सुन चाँदी दिएर टक लिनु पर्ने बाध्यताका कारणले मुद्राको साथसाथै अन्य व्यापारहरु नेपाल आफैँले गर्न पाउनुले आर्थिक सवलताका लागि नेपालका लागि अवसर थियो । त्यसै गरी नेपालको बाटो भएर बंगालका सामानहरू चीन-तिब्बत जाने र चीन-तिब्बतका सामान नेपाल र बंगाल, अवध, काशी र विश्व बजारमा जाने मार्ग भएकोले यसबाट नेपालले विशेष गरेर दोलखा, कुती, केरुङ्को व्यापारिक मार्ग प्रयोग गरी काठमाडौं खाल्डोले सम्वृद्धि र साँस्कृतिक पहिचान बढाउने अवसर प्राप्त गरेको थियो । आधुनिककालमा समेत प्राचीन तथा मध्यकालिन सम्बन्धले सकारात्मक असर परिरहेको छ ।

**सन्दर्भग्रन्थ सूची :**

आचार्य, बाबुराम(२०७४), चीन तिब्बत र नेपाल, फाइनप्रिन्ट बुक्स ।
उपाध्याय, श्रीरामप्रसाद ( २०५१), *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* रत्न पुस्तक भण्डार ।
जोशी, सत्यमोहन (२०४४), *कलाकार अरनिको,* काठमाडौं : विजय गजानन्द वैद्य ।
न्यौपाने उपाध्याय, श्रीरामप्रसाद ( २०७८), *नेपालको कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध,* रत्न पुस्तक भण्डार ।
नेपाल, ज्ञानमणि (वि.सं. २०४५), *नेपाल तिब्बतचीन सम्बन्धका केही साँस्कृतिक पक्ष, (पहिलो संस्करण),* राजकीय प्रज्ञाप्रतिष्ठान ।
(वि.स.२०७३), *नेपाल र चीन-तिब्बत सम्बन्ध समीक्षात्मक इतिहास,* भृकुटी एकेडेमिक पब्लिकेशन्स ।
बज्राचार्य, बद्रीरत्न (वि.सं.२०८१), *स्वयम्भू पहापुराण,* फणीन्द्ररत्न बज्राचार्य (अनुवादक), ज्वाला प्रसाद श्रेष्ठ ।
मानन्धर, त्रिरत्न (वि.सं.२०७७), *नेपाल- तिब्बत विवाद (वि.सं. १९३९-४१),* नेपाल र एशियाली अनुसनधान केन्द्र त्रि.वि. ।
मिश्र, तीर्थप्रसाद (वि.सं.२०५३), *नेपाल तिब्बत सम्बन्धमा ग्यालवु काण्ड,* वाँशमिश प्रकाशन ।
(वि.सं.२०५४), अंग्रेज-तिब्बत विवादमा नेपालको भूमिका ( १९०३-०४ ई.), सुमिता प्रकाशन ।
(वि.सं.२०७९), *तिब्बतमा नेपाली पहिचान र पराक्रम,* पुष्पा मिश्र ।
रेग्मी, जगदीशचन्द्र (२०२६), *लिच्छवि - संस्कृति,* रत्न पुस्तक भण्डार ।
(वि.सं.२०३५), *प्राचीन नेपालको राजनीतिक इतिहास,* नेपाल राजकीय प्रज्ञा - प्रतिष्ठान ।
(वि.सं.२०५३), लिच्छवी इतिहास, सिनास त्रिवि
(वि.सं.२०७७), *नेपालको वैधानिक परम्परा,* पैरवी बुक हाउस प्रा.लि. ।
वज्राचार्य, धनवज्र (वि.सं.२०३०), *लिच्छविकालका अभिलेख,* सिनास, त्रिवि. ।
शर्मा, सुधीर (वि.सं.२०८१), *भिक्षु, व्यापार र विद्रोह, नेपालको तिब्बत-चीन सम्बन्ध र भारत,* किताब पब्लिसर्स प्रालि ।
शिवाकोटी, गोपाल (वि.सं.२०६६), नेपाल-चीन बीच भएका सनिध सम्झौताहरुको विवेचना, *नेपाल- भारत र चीन सन्धि,* मधुवन प्रकाशन, ४४८-४८ ।
( २०७७), *कूटनीतिशास्त्र,* पैरवी प्रकाशन ।
Acharya, B. (2018). *China Tibet and Nepal*. China Study Center.
Levi, S. (2024). *Nepal Historical Study of a Hindu Kingdom*. Mandala Book Point.
Manandhar, V. K. (2004). *A Comprehensive History of Nepal- China Relations Up to 1955 A.D.* (1). Adroit Publishers.
Regmi, D. R. (2007). *Medieval Nepal*. (1). Rupa. Co.
Uprety, P. R. (1998). *Nepal- Tibet Relations 1850-1930*. Ratna Pustak Bhandar.